गढवा गाउँपालिका

०८२-४१००६४

# गाउँकार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या २०८१/०८२

च.न. ८४०२

मिति :–२०८२।०३।१३

श्री वडा कार्यालयहरू सबै,
श्री विषयगत शाखाहरू सबै,
गढवा गाउँपालिका, दाङ ।

**विषय : निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको बैठक संख्या १५,१६,१७ र १८ क्रमस मिति २०८२।०२।३०, २०८२।०३।०८, २०८२।०३।०९ र २०८२।०३।११ गते बसेको बैठकको निर्णयहरू तहाँको जानकारीका साथै आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न गरि पठाईएको व्यहोरा अनुरोध छ ।

कृष्ण प्रसाद पोख्याल
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, कृषि र रोजगार समृद्ध गढवा गाउँपालिकाको आधार"
ito.gadhawagaupalika@gmail.com & gadhawagaunpalika@gmail.com
www.gadhawamun.gov.np

## बैठक संख्या - १५

आज मिति २०८२ साल जेष्ठ महिनाको ३० गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोख्रेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

बैठक संख्या १५

## मिति २०८२/०२/३० गतेको गाउँकार्यपालिका पन्ध्रौं बैठकका प्रस्तावहरू

१. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. जनताको तटबन्ध कार्यक्रमको लागि वर्षातको समयमा नदीजन्य पदार्थ उत्खनन् तथा भण्डारणका लागि सहजीकरण गरिदिने सम्वन्धमा ।

३. भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई उपलब्ध गराउने जग्गाको प्रस्तावित विवरण सम्वन्धमा ।

४. भेरियशन आदेश सम्बन्धमा ।

५. ठेक्का सम्झौताको अन्त्य सम्बन्धमा ।
   क) ब्याडमिन्टन कभर्ड हल, वडा नं. ७
   ख) खाद्य सुरक्षाको लागि शित भन्डार निर्माण, वडा नं. ३

६. स्वच्छ चुलो कार्यक्रम सम्वन्धमा ।

७. स्वास्थ्य उपकरण प्राप्त गर्ने सम्बन्धमा ।

८. अख्तियार दुरूपयोग अनुसन्धानय आयोगको सुझाव कार्यान्वियन सम्वन्धमा ।

९. संकलन केन्द्र संचालन सन्वन्धमा ।

१०. गाउँ शिक्षा योजना सम्वन्धमा ।

११. जलवायुमैत्री कृषि योजना सम्बन्धमा ।

१२. विविधं सम्बन्धमा ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## गाँउकार्यपालिकाको पन्ध्रौं बैठकका निर्णयहरू - २०८२/०२/३०

### निर्णय नं. १

गढवा गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम गाउँकार्यपालिकाबाट स्वीकृत गरि आगामी गाउँसभाको १७ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

जनताको तटबन्ध कार्यक्रम, लमही दाङ कार्यालयको च.नं. ४१३, मिति २०८२/०२/२३ गतेको पश्चिम राप्ती नदी नियन्त्रणका लागि एशियाली विकास बैंकको सहयोगमा ठेक्का नं. PRBFRMP/WORKS/West Rapti/CW-03 अन्तर्गत गढवा गाउँपालिकामा ४ (चार) स्थानमा श्री कालिका कन्स्ट्रक्सन प्रा.ली.बाट तटबन्ध निर्माण कार्य निरन्तररूपमा भै रहेकोले बर्षातको समयमा समेत तटबन्ध निर्माण कार्य भै रहने भएको हुँदा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो र मिस्कट) उत्खनन् तथा भण्डारण साथै Embankment मा माटो फिलिङ्ग गर्ने र ग्याबिन भर्ने तथा River bed material उत्खनन्, ढुवानी र भण्डारणमा प्रयोग गरिएको Heavy Equipment हरू बर्षातमा पनि आवश्यकता अनुसार संचालन गर्नका लागि आवश्यक सहजिकरण गरिदिने भनि पत्र प्राप्त भएकोले तटबन्ध निर्माणका लागि प्रयोग हुने नदीजन्य पदार्थ मध्ये रोयल्टी रकम तिर्नुपर्ने भएमा सो रकम कार्यालयमा दाखिला गरेर प्रयोग गर्ने गरि जिल्ला विपद् व्यवस्थापन समिति, जिल्लास्तरीय अनुगमन समिति र जिल्लास्थित सुरक्षा निकायहरूलाई आवश्यक समन्वयको लागि सिफारिस गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

गढवा गाउँपालिका वडा न. २ डाडा टोलका भूमिहीन दलित र भूमिहीन सुकुम्वासीको विवरण भुमि समस्या समाधान आयोगको लगत संकलन कार्यविधिको अनुसूची १२ बमोजिमको ढाँचामा गढवा गाउँपालिका र वडामा सुचना टाँस गर्दा कुनै पनि उजुर वाजुर नपरेको हुँदा भुमि सम्वन्धि नियमहरु २०२१ को अठारौ संशोधन २०७७/०९/०६ को परिच्छेद -५ को दफा ४१ ख बमोजिम जग्गा उपलब्ध गराउन भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने कार्यविधि २०८१ को अनुसूची १ बमोजिमको ढाँचामा भुमि समस्या समाधान आयोग जिल्ला समिति दाङमा सिफारिस गरि पठाउने निर्णय गरियो।

अनुसूची-१

(दफा ३ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित )

(भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई उपलब्ध गराउने जग्गाको प्रस्तावित विवरण)

स्थानीय तहको नामः गढवा गाउँपालिका मितिः

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

वडा नं : २

जग्गा रहेको स्थानीय तहको क्षेत्र (सहरी/सहरीबाहेक): सहरीबाहेक

भौगोलिक क्षेत्र (तराई तथा भित्री मधेस/हिमाली तथा पहाड): भित्री मधेस

| क्र. सं | परिवारमुलिको नाम,थर | नक्सा नं | कित्ता कोड | भोगचलन गरेको क्षेत्रफल | प्रयोजन | उपलब्ध गराउन सकिने जग्गाको अधिकतम क्षेत्रफल (व.मि.) | उपलब्ध गराउने कित्ता (पुरै वा मध्य) | उपलब्धगराउने जम्मा क्षेत्रफल (व.मि.) | अस्थायी कित्ता नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पर्ति | गोबरडिहा "२" | - | १५५२२८.५० | - | २००० | पुरै | १५५२२८.५० | १ |
| २ | पदम प्रसाद साह | गोबरडिहा "२" | BS००४३-१ | १६२२.४६ | कृषि | २००० | पुरै | १६२२.४६ | २ |
| ३ | सीता बैजाली घर्ती | गोबरडिहा "२" | BS००११-१ | १३३१.२६ | कृषि | २००० | पुरै | १३३१.२६ | ३ |
| ४ | पूर्ण पुन मगर | गोबरडिहा "२" | BS००२४-१ | ५३४.१६ | कृषि | २००० | पुरै | ८७०.१४ | ४ |
| | | गोबरडिहा "२" | BS००२४-२ | ३३५.९८ | कृषि | | पुरै | | ५ |
| ५ | तारा पुन मगर सबांगी | गोबरडिहा "२" | BS०००३-१ | १००९.०५ | कृषि | २००० | पुरै | १९९७.०४ | ७ |
| | | गोबरडिहा "२" | BS०००३-२ | ९८७.९९ | कृषि | | पुरै | | ६ |
| ६ | हिरालाल वि.क | गोबरडिहा "२" | BD०००१-१ | १७६२.०७ | कृषि | २००० | पुरै | १९९६.३८ | ८ |
| | | गोबरडिहा "२" | BD०००१-३ | ४३७.६७ | कृषि | | मध्य | | ११ |
| ७ | राम बहादुर चौधरी | गोबरडिहा "२" | BS००२८-१ | ५४३.५० | कृषि | २००० | पुरै | ५४३.५० | ९ |
| ८ | मंगल प्रसाद चौधरी | गोबरडिहा "२" | BS००२०-१ | १०४६.०५ | कृषि | २००० | पुरै | १०४६.०५ | १० |
| ९ | विच्छु कामी | गोबरडिहा "२" | BD०००२-१ | १२७५.४० | कृषि | २००० | पुरै | १२७५.४० | १२ |
| १० | सुइटी विश्वकर्मा | गोबरडिहा "२" | BD००११-१ | १७४.५८ | कृषि | २००० | पुरै | १७४.५८ | १३ |
| ११ | सन्जु कुमार वि.क | गोबरडिहा "२" | BD००१२-१ | ६७.१३ | कृषि | २००० | पुरै | २२४.२४ | १८ |
| | | गोबरडिहा "२" | BD००१२-२ | १५७.११ | कृषि | | पुरै | | १७ |
| १२ | खुशिला घर्ती मगर | गोबरडिहा "२" | BS००४०-१ | ८४९८.९० | कृषि | २००० | मध्य | १९९९.७४ | १९ |
| १३ | पुष्पा पुन मगर | गोबरडिहा "२" | BS००३४-१ | ४५९८.८१ | कृषि | २००० | मध्य | १९९७.२३ | २० |

सचिव

राम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

निर्णय नं. ४

प्राविधिक शाखाबाट प्राप्त प्राविधिक राय अनुसार गढवा गाउँपालिका वडा नं. ८ को कोईलाबासमा संचालित Construction of Power Drill Tubewell water Supply Program 17/GRM/NCB/W/2080/081 योजना भेरियशन भई कार्यसम्पन्न समेत भईसकेकोले उक्त योजनाको भेरियशनलाई समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

गढवा गाउँपालिकाका तपशिलका योजनाहरू सम्झौता अवधिभित्र कार्य सम्पन्न गर्न नसकेका र सार्वजनिक खरिद नियमावली, २०६४ को चौधौं संशोधनको नियम १२० क को व्यवस्था बमोजिम समयमा म्याद थपको लागि निवेदन पेश नगरेका तपशिल बमोजिमका निर्माण व्यवसायीहरूलाई हदै सम्मको कारवाही गरि कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई अनुरोध गर्ने मिति २०८२।०२।३० गतेको गढवा गाउँपालिकाको कार्यालयको निर्णय भएकोले सो निर्णय स्वीकृत गरियो ।

| क्र.सं. | योजनाको नाम | योजना कार्यान्वयन हुने स्थान | निर्माण व्यावसायी | कै. |
|---|---|---|---|---|
| १ | शित भण्डार निमार्ण | गढवा ३ | सि.ब्रोदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | |
| २ | व्याडमिन्टन कभर्ड हल निर्माण | गढवा ७ | सि.ब्रोदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | |

निर्णय नं. ६

नेपाल सरकार र हरित जलवायु कोष अन्तर्गत हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणको लागि खाना पकाउने आधुनिक, दक्ष तथा जलवायु मैत्री स्वच्छ उर्जाको प्रवर्द्धन नामक स्वच्छ चुलो कार्यक्रम वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र गढवा गाउँपाकिलाको साझेदारीमा कार्यान्विय गर्ने र सो कार्यक्रम कार्यान्वियन गर्न लागत साझेदारी वापतको रकम गढवा गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

धम नारायण शर्मा पोखेल
अध्यक्ष

सचिव

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

### निर्णय नं. ७

संयुक्त अधिराज्य अमेरिकाको कोलोराडोमा प्रधान कार्यालय रहेको Benevolent Healthcare Foundation d/b/a Project C.U.R.E. ले Healthcare system streangthing in rural Nepal कार्यक्रमको लागि निःशुल्क अनुदानको रुपमा उपलब्ध गराउने स्वास्थ्य सामाग्री तथा उपकरणहरू प्राप्त गर्ने र ति सामाग्री तथा उपकरणहरू संयुक्त अधिराज्य अमेरिकाको कोलोराडोबाट Benevolent Healthcare Foundation d/b/a Project C.U.R.E. गढवा गाउँपालिकासम्म ल्याउनको लागि आवश्यक पर्ने ढुवानी खर्च गाउँपालिको स्रोतबाट भुक्तानी गर्ने निर्णय गरियो ।

### निर्णय नं. ८

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंको च.नं. ३२७९३, मिति २०८१।०९।२१ र २०८१।०७।१६ गतेको पत्रमा लेखि पठाएको सुझावहरू कार्यान्वियन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ९

गढवा गाउँपालिका वडा नं. ६ मा निर्माण भएको कृषि उपज संकलन केन्द्र संचालन गर्ने र सो संरक्षण तथा संचालनको जिम्मेवारी श्री गढवा सामाजिक उद्यमी महिला सहकारी संस्था, गढवा ६ लाई दिने निर्णय गरियो ।

### निर्णय नं. १०

गढवा गाउँपालिकाको जलवायुमैत्री कृषि योजना २०८२-२०८७ स्वीकृत गर्ने निर्णय गरियो ।

### निर्णय नं.११

गढवा गाउँपालिकाको गाउँ शिक्षा योजना २०८१।०८२-२०८५।०८६ स्वीकृत गर्ने निर्णय गरियो ।

(हस्ताक्षर)
यम नारायण शर्मा पोखेल
अध्यक्ष

(हस्ताक्षर)
सचिव

(छाप: गढवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गढवा, दाङ, लुम्बिनी प्रदेश, नेपाल)

CamScanner

बैठक संख्या - १६

आज मिति २०८२ साल असार महिनाको ०८ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोख्रेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री कृष्ण प्रसाद पोड्याल | |

आमन्त्रित :-

१. श्री पुनाराम शर्मा, प्र.अ.

सहयोगी :

१. कृष्ण प्रसाद पौडेल सहायक पाँचौं

## बैठक संख्या १६

### मिति २०८२/०३/०८ गतेको गाउँकार्यपालिका सोह्रौं बैठकका प्रस्तावहरू

१. उच्च अदालत तुलसीपुरबाट जारी भएको अन्तरिम आदेशको लिखित जवाफ पेश गर्ने सम्बन्धमा ।

२. यस गढवा गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि "गढवा गाउँपालिकाको आर्थिक विधेयक २०८२" सम्बन्धमा ।

३. यस गढवा गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि "गढवा गाउँपालिकाको बजेट तथा कार्यक्रम २०८२" सम्बन्धमा ।

४. न्यायिक समितिको बार्षिक प्रतिवेदन सम्बन्धमा ।

५. आ.व. २०८०/०८१ को गढवा गाउँपाकिकाको महालेखा परिक्षकको वार्षिक प्रतिवेदन सम्बन्धमा ।

६. अख्तियार दुरूपयोग अनुसन्धानय आयोगबाट प्राप्त सुभाव सम्बन्धमा ।

७. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम साझेदारी गर्ने सम्बन्धमा ।

८. कानूनका मस्यौदाहरू सम्बन्धमा ।

क) मुक्त कमैया पुनर्स्थापिना कार्यविधि, २०८२

९. विविध विषय सम्बन्धमा ।

... नारायण शर्मा पोखेल
अध्यक्ष

सचिव

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

# गाँउकार्यपालिकाको सोह्रौं बैठकका निर्णयहरू - २०८२/०३/०८

## निर्णय नं. १

गढवा गाउँपालिकाको कार्यालय गढवा दाङ, गढवा गाउँकार्यपालिकाको कार्यालयको नाममा सम्मानित श्री उच्च अदालत, तुलसीपुर दाङबाट मिति २०८२ साल असार ०५ गतेको म्याद जारी भएको अन्तरिम आदेश मु.नं. ०८१-WO-००९९ मा लिखित जवाफ पेश गर्न तथा अदालत सम्बन्धी अन्य आवश्यक कार्य गर्नका लागि यस कार्यालयका उजुरी प्रशासन शाखामा कार्यरत सहायक चौथो श्री सुरेश पौडेललाई प्रतिनिधि तोक्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

## निर्णय नं. २

यस गढवा गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि "गढवा गाउँपालिकाको आर्थिक विधेयक २०८२" आवश्यक छलफल तथा संशोधन गरी गाउँसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरीयो ।

## निर्णय नं. ३

यस गढवा गाउँपालिकाको आ.व. २०८२/०८३ को बजेट, योजना तथा कार्यक्रमको सम्बन्धमा छलफलको लागि मिति २०८२।०३।०९ गते बस्ने गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरीयो ।

## निर्णय नं. ४

आ.व. २०८१/०८२ मा हालसम्म न्यायिक समितिबाट सम्पादन गरिएको कार्यहरूको सन्दर्भमा पेश भएको गढवा गाउँपालिकाको न्यायिक समितिको प्रतिवेदन २०८२ गाउँसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

आ.व. २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन आजको बैठकमा पेश भई छलफल भयो. पेश भएको गढवा गाउँपालिकाको मलेप प्रतिवेदन २०८०।०८१ गाउँसभाको सत्रौं अधिवेशनको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो । साथै हालसम्म असुल उपर भएका बेरूजुहरू फर्छ्यौटको लागि म.ले.प.को कार्यालयमा पठाउने र नियमित गर्नुपर्ने बेरूजुको सम्बन्धमा प्रस्ताव सहित गाउँसभाको सत्रौं अधिवेशनको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको काठमाडौंको च.नं. ३१७, मिति २०८२।०३।०५ गतेको पत्रमार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझावहरू माथि छलफल भई सुझावहरू कार्यान्वयन गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

धन नारायण शर्मा पोखेल
अध्यक्ष

सचिव

**निर्णय नं. ७**

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम वडामार्फत लागत साझेदारी गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

निम्न कानुनका मस्यौदा दफावर छलफलको लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

- मुक्त कमैया कम्लहरी पुनर्स्थापना कार्यविधि, २०८२

**निर्णय नं. ९**

क) गढवा गाउँपालिका १ नं. वडा कार्यालय, मलमलाको च.नं.१६६८, मिति २०८२/०१/०५ गते पत्र अनुसार मिति २०८२/०१/२१ गतेका दिन आएको हावाहुरीको कारण गढवा १ मलमलामा भर्खरै निर्माण सम्पन्न भएको कृषि उपज संकलन केन्द्रको ट्रस सेल्टर उडाएर पूर्ण रूपमा क्षति पुऱ्याएकोले प्राविधिक लागत अनुमान बमोजिम मर्मत कार्य गर्ने निर्णय गरियो ।

ख) मिति २०८१/१२/१६ गतेको वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुसार कोईलाबास खोला कटान नियन्त्रण कार्यको काम सम्पन्न भई सकेको भनि सिफरिस आएको, सो कार्यको लागत अनुमान तत्कालिन प्र.प्र.अ.बाट स्वीकृत नभएको हुदाँ योजनाको प्राविधिक मूल्याङ्कन, राय सहित टिप्पणी पेश भई आएमा प्र.प्र.अ.बाट टिप्पणी आदेश स्वीकृत गरि भुक्तानी दिने निर्णय गरियो ।

ग) गढवा बजारबाट संकलित फोहर गढवा ६ स्थित सर्वोदय सामुदायिक वन उपभोक्ता समितिको जंगलमा रहेको डपिङसाईटमा खुलारूपमा फालिईदै आईरहेको, जसबाट फोहर फैलिई जंगल प्रदुषित भएको हुदाँ प्रदुषण नियन्त्रण गर्न फोहर बोरामा प्याकिङ कार्य गर्न २ (दुई) जना सरसफाईकर्ता दैनिक डोरहाजिरीमा प्रतिदिन रू.६१० (अक्षरूपी छ सय दश) का दरले पारिश्रमिक उपलब्ध गराउने गरि कामकाजमा लगाउने र सो कार्य व्यवस्थापन गर्ने जिम्मेवारी ६ नं. वडा कार्यालयलाई दिने निर्णय गरियो ।

घ) तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत संघिय सशर्त अनुदानको सिपमुलक तालिम तथा आय आर्जन कार्यक्रम (हाते कागज तथा हाते कागजका बस्तु तयारी पोशाक खाद्य प्रशोधन कार्यक्रम) वडा नं. २ मा गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम कार्यान्वयन ईकाइबाट सञ्चालन गर्ने मिति २०८२।०२।११ गते गाउँ कार्यपालिकाको वैठकबाट निर्णय भएकोमा हाते काजग बनाउने तालिम प्रदान गर्ने मान्यता प्राप्त संस्था वा प्रशिक्षक उपलब्ध नभएकोले खाद्य प्रशोधन (अदुवा वा बेसार खेति) सम्बन्धी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

धन नारायण शर्मा पोखेल
अध्यक्ष

निर्णय प्रमाणित गर्दछु ।
सचिव

CamScanner

बैठक संख्या - १७

आज मिति २०८२ साल असार महिनाको ०८ गतेका दिन यस गढवा गाउँपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

१. श्री पुनाराम शर्मा

सहयोगी :

१. कृष्ण प्रसाद पौडेल सहायक प्राध्यापक

बैठक संख्या १७

## मिति २०८२/०३/०९ गतेको गाउँकार्यपालिका सत्रौं बैठकका प्रस्तावहरू

१. यस गढवा गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि "गढवा गाउँपालिकाको विनियोजन विद्येयक २०८२" सम्बन्धमा ।

२. यस गढवा गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि "गढवा गाउँपालिकाको बजेट तथा कार्यक्रम २०८२" सम्बन्धमा ।

३. विविध विषय सम्बन्धमा ।

## गाँउकार्यपालिकाको सत्रौं बैठकका निर्णयहरू - २०८२/०३/०९

### निर्णय नं. १

यस गढवा गाउंपालिकाको आ.व. २०८२/०८३ को लागि "गढवा गाउंपालिकाको विनियोजन विद्येयक २०८२" आवश्यक छलफल तथा संशोधन गरी गाउँसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरीयो ।

### निर्णय नं. २

यस गढवा गाउँपालिकाको आ.व. २०८२/०८३ को बजेट, योजना तथा कार्यक्रमको सम्वन्धमा आवश्यक छलफल तथा संशोधन गरी गाउँसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरीयो ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

निर्णय प्रमाणित गर्ने

सचिव

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

## बैठक संख्या - १८

आज मिति २०८२ साल असार महिनाको ११ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

१. श्री पुनाराम शर्मा

सहयोगी :

१. कृष्ण प्रसाद पौडेल सहायक पाचौं

२.

CS CamScanner

## बैठक संख्या १८

## मिति २०८२/०३/११ गतेको गाउँकार्यपालिका अठारौं बैठकका प्रस्तावहरू

१. करार कर्मचारीहरूको म्याद थप तथा सेवा सुविधा सुनिश्चितता सम्बन्धमा ।

२. प्रतिक चिन्ह (लोगो) सम्बन्धमा ।

३. विपद् सम्बन्धमा । (१५ शैया अस्पताल परिसरमा सुकई खोलाबाट माटो फिलिङ)

४. गढवा गाउँपालिका प्रोफाईल अध्यावधिक सम्बन्धमा ।

५. विविध विषय सम्बन्धमा ।

## गाँउकार्यपालिकाको अठारौं बैठकका निर्णयहरू - २०८२/०३/११

### निर्णय नं. १

यस गढवा गाउँपालिका अन्तर्गतका कार्यालयहरूमा करार सेवामा कार्यरत कर्मचरीहरूको २०८२ साल श्रावण महिना ०१ गतेदेखि २०८२ साल पौष मसान्तसम्म लागु हुने गरि म्याद थप सम्बन्धमा प्रस्ताव सहित गाउँसभाको सत्रौं अधिवेशनको चौथो बैठकमा पेश गर्ने निर्णय गरियो । निजहरूको सेवा सुविधा सम्बन्धमा चाडपर्व खर्च र पोशाक भत्ता वार्षिक रूपमा एकपटक उपलब्ध गराउने साथै महंगी भत्ता सम्बन्धमा लुम्बिनी प्रदेशको स्थानीय निजामति सेवा ऐनमा उल्लेख भएतापनि गढवा गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था, यसै पालिका अन्तर्गत रहेका स्वयंसेवक शिक्षक र करार कर्मचारीहरू विच सेवा सुविधामा हुने असमानता र संघीय कानूनसँग बाझिने वा नबाझिने द्विविधाको विषय भएको बारेमा प्रमुख निकायसँग निर्देशन र आवश्यक वजेट उपलब्ध हुने भएमा सो को निकाशा समेत माग गरि महंगी भत्ता उपलब्ध गराउन सकिने वा नसकिने सम्बन्धमा गाउँसभाको हिउदे अधिवेशनमा निर्णय गर्ने गरि गाउँसभाको सत्रौं अधिवेशनको चौथो बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

यस गढवा गाउँपालिकाको मिति २०८१ चैत्र १० गते प्रकाशित गरेको गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाईन सम्बन्धी सूचना अनुसार मिति २०८१ चैत्र २४ गतेसम्म कार्यालय समयभित्र दर्ता भएका जम्मा ४ जना आवेदकहरूले पेश गरेका ७ वटा प्रतिक चिन्हको छनौट तथा मूल्याङ्कन सम्बन्धमा उपस्थित सम्पूर्ण कार्यपालिका सदस्यहरूले गाउँपालिकाको ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक पहिचान झल्कने किसिमको प्रतिक चिन्ह (लोगो) प्राप्त नभएको सुझाव पेश गरेकोले कुनै पनि प्रतिक चिन्ह (लोगो) छनौट नगर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

सचिव

CamScanner

**निर्णय नं. ३**

जिल्ला स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८२।०१।३१ गते गढवा गाउँपालिका वडा नं. ६ स्थित सुकै खोलामा भएको ओभर डम्पीङ्ग परिमाण निकाली खोलालाई च्यानालाइज गर्ने निर्णय भएको, गढवा स्वास्थ्य चौकी, गढवा ६ मा निर्माणाधिन १५ शैया अस्पतालको परिसरमा खाल्डा खुल्डी भई निर्माण कार्यमा असर परेको, काम गर्ने कामदारलाई समेत चोटपटक लाग्ने जोखिम देखिएकोले उक्त खोला च्यानालाईज गर्दा निस्कने भस्कट तथा माटो प्राविधिक र नगर प्रहरीको रोहवरमा के कति परिमाणको भस्कट तथा माटो प्रयोग भयो सो को प्रतिवेदन कार्यालयमा पेश गर्ने गरि १५ शैया अस्पताल निर्माण गर्ने निर्माण व्यावसायी श्री श्याम सुन्दर एन.वि.जे.भि., वुटवल रूपन्देहीलाई उक्त खाल्डा खुल्डी पुर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस गढवा गाउँपालिकाको प्रोफाईल अध्यावधिक गर्ने प्रस्ताव सम्बन्धमा परामर्शदात श्री ईन्टेन्सिप स्टडी एण्ड रिसर्च सेन्टर प्रा.ली., नयाँ बानेश्वर काठमाडौंले तयार गरि पेश गरेको डकुमेन्ट्री कार्यापालिका सदस्य र शाखा प्रमुखहरूको उपस्थितीमा छलफल गरियो र पेश भएको डकुमेन्ट्री स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

क) गढवा ८ कोईलाबास बस्ने श्री पार्वती देवि थापाले मिति २०८१।०६।०१ गतेदेखि २०८०।१०।३० गतेसम्म पाँच महिना कोइलाबास बजार क्षेत्र तथा डाँडागाउँमा बाटोको सरसफाई तथा फोहरमैलाको उचित व्यवस्थापन गर्न कामकाजमा लगाईएको भनि गढवा गाउँपालिका ८ नं. वडा कार्यालयको च.नं. २६८, मिति २०८२।०१।०८ गतेको रकम भुक्तानी गरिदिने सम्बन्धी सिफारिस भई आएकोले निज श्री पार्वती देवि थापालाई ज्याल रकम रू. ७३,०००।०० (अक्षरूपी तिरहत्तर हजार रूपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

सचिव